आज मिति २०८३/०२/२८ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८२/०८३ को पन्ध्रौ बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्काज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राहुँ | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य बहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | — |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | हिमा |
| १४. | विजय पौडेल | सचिव | |
| | **आमन्त्रित** | | |
| १५. | वन्दना शाक्य | व. प्रशासकीय अधिकृत | |
| १६. | प्रताप शर्मा | " | |
| १८. | दिपराज बस्नेत | व. इन्जिनियर | |

बैठक संख्याः १५
मितिः २०८३/०२/२८
ने.स.११४६ अनलागा एकादशी, बिहिवार

**मिति २०८३/०२/२८ गतेको पन्ध्रौ गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

| क्र सं | प्रस्तावको विषय | निर्ण य हुनुपर्ने विषय | कैफियत |
|---|---|---|---|
| (१) | आ.व २०८२/०८३ को चौधौं गाउँकार्यपालिका बैठकको समिक्षा सम्वन्धमा। | • आ.व २०८२/०८३ को चौधौं गाउँकार्यपालिका बैठकको समिक्षा गर्ने। | |
| (२) | निर्माण कार्यको ठेक्का म्याद थप सम्वन्धमा । | • म्याद थपका लागि निवेदन पेश भएका निर्माण कार्यको ठेक्काको म्याद थप गर्ने । | |
| (३) | रकमान्तर तथा शिर्षक परिवर्तन सम्वन्धमा । | • वडा समितिबाट निर्णय भई आएका कार्यक्रम तथा आयोजनाहरुको शिर्षक परिवर्तन तथा अपुग तलवको लागि रकमान्तर गर्ने । | |
| (४) | विपद् सम्वन्धी राहत उपलब्ध गराउने | • विभिन्न मितिमा आएको हावा हुरी र वर्षातको कारणबाट भएको क्षतिमा राहत उपलब्ध गराउने । | |
| (५) | आर्थिक सहयोग सम्वन्धमा । | तपसिलका विविध समसामयिक विषयमा छलफल<br>• आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धी | |

निर्णयहरुः

(१) आ.व. ०८२/८३ को कार्यपालिकाको मिति २०८३/०१/२३ मा बसेको चौधौं कार्यपालिका बैठकको निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

(२) बान्नाखोला कल्भर्ट निर्माणको कार्य सम्पन्न गर्ने म्याद २०८३ जेष्ठ मसान्तमा समाप्त हुने भएकोले मिति २०८३ आषाढ २४ गत सम्म म्याद थप गर्ने निर्णय गरियो ।साथै, यस मल्लरानी गाउँपालिकाको ठेक्का नं. MMR/NCB/077/078/05 को १५ शैय्या अस्पताल निर्माण कार्यको कार्य सम्पन्न गर्ने अवधी २०८३ जेठ मसान्तसम्म रहेकोमा उक्त निर्माण कार्यको जिम्मा पाएको महादेव खिम्ति/पि.पि-लेकाली/जे.भीको मिति २०८३ जेठ ६ गते र २०८३ जेठ २८ गतेको निवेदनउपर छलफल गर्दा सार्वजनिक खरिद ऐन, २०६३ कोदफा ५६ र नियमावली, २०६४ को नियम १२०(क) बमोजिम मिति २०८३ मङ्सीर मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

२

प्रमुख प्रशासकीय अधिकृत

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तलगा, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

CamScanner

बैठक संख्याः १५
मितिः २०८३/०२/२८
ने.स.११४६ अनलागा एकादशी, बिहिवार

(३) वडा समितिको बैठकबाट निर्णय भई आएका कार्यक्रम तथा आयोजनाहरुको तपसिल बमोजिम रकमान्तर र शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजना/ कार्यक्रमको नाम | विनियोजित रकम | रकमान्तर/ शिर्षक परिवर्त हुने आयोजन/ कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | सोलहाल्ना सुँगुरे भल नियन्त्रण वडा नं १ | १,००,०००। | वडा भित्रका विभिन्न सार्वजनिक स्थानहरुमा सेन्सर लाईट जडान | १,००,०००। |
| २ | विभिन्न दिवसीय कार्यक्रम वडा नं १ | ५०००० | वडा कार्यालय शौचालय मर्मत | ५००००। |
| ३ | खौली पोखरी घोप्टे भिर घो.वा. निर्माण वडा नं १ | १०००००। | वडा कार्यालय पछाडि शेयरवाल निर्माण | २५००००। |
| ४ | लुक्का गैरा प्रतिक्षालय निर्माण वडा नं १ | १५००००। | | |
| ५ | रैजनपानी चौरपानी खानेपानी स्किम नं १ मर्मत वडा नं ३ | १०००००। | छाप वस्तिमा बाँकी धारा जडानका लागि सामाग्रि खरिद | १०००००। |
| ६ | भञ्ज्याङ झाक्रिस्थान गो.वा. वडा नं ४ | १०००००। | राधाकृष्ण मन्दिर निर्माण | २०००००। |
| ७ | पाण्डेडाँडा मोटरवाटो (बस्नेत टोल) | १०००००। | | |
| ८ | संस्कृती जगेर्जा (सराय नाच, दिवसीय कार्यक्रम | २५००००। | | ७००००। |
| | | | सारिवाङ्ग मेला व्यवस्थापन | २००००। |
| ९ | दिवसीय कार्यक्रम वडा नं ५ | १५००००। | जेष्ठ नागररिकका लागि साँगितिक सामग्री खरिद | ९५०००। |
| १० | लक्सरे आपारुख वगरे कुलो | ५००००। | कुमिकोट स्वास्थ्य इकाई शौचालय निर्माण | १००००० |
| ११ | दर्भाने पोखरी मर्मत | ५००००। | | |
| १२ | असारे टारी कुलो | ५००००। | वहीखोला सिंचाई पाईप तथा कुलो निर्माण | ५००००। |

(४) वहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ तपसिल बमोजिम शिर्षक परिवर्तन गरी कार्यक्रम सञ्चालन गर्ने र पोषण मैत्री नमूना टोल सम्वन्धी कार्यक्रम मल्लरानी गाउँपालिका वडा नं ४ को लाम्बेला बस्तिमा सञ्चालन गर्ने निर्णय गरियो ।

बैठक संख्याः १५
मितिः २०८३/०२/२८
ने.स.११४६ अनलागा एकादशी, बिहिवार

| सि.नं. | आयोजना/ कार्यक्रमको नाम | विनियोजित रकम | रकमान्तर/ शिर्षक परिवर्त हुने आयोजन/ कार्यक्रमको नाम | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | बाल क्लव र बाल सञ्जालका सदस्यहरुलाई पोषण सम्वन्धी | ५००००। | बाल पोषण भत्ता उपयोग सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ५००००। |
| २ | ५० प्रतिशत वयर क्रस वोका वितरण | ५००००। | अनुदान प्राप्त सुनौला हजार दिनका आमाहरुलाई पशुपालन सम्वन्धी तालिम | ५००००। |

(५) दरवन्दी करार सेवा शुल्क म्याचिङ फण्ड शिर्षक र अल्पकालिन सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको अपुग हुने पारिश्रमिक रकम कर्मचारी शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

(६) मल्लरानी गाउँपालिका वडा नं ४ स्थित कृष्ण मन्दिर निर्माणमा नपुग भएको रकम वडा नं ४ तर्फको कन्टेन्जेन्सी रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

(७) आ.व.०८३/८४ को नीति तथा कार्यक्रममा समावेश गर्नु पर्ने महत्वपूर्ण विषयहरु विषयगत समितिहरुले तयार गरि २०८३ असार ४ गतेसम्म गाउँपालिकामा पेश गर्ने र पेश भएका नीति तथा कार्यक्रम तपसील वमोजिमको समितिले सङ्कलन गरि २०८३ असार ६ गतेसम्म गाउँकार्यपालिकामा पेश गर्ने निर्णय गरियो। तपसिल

- विजय पौडेल प्रमुख — प्रशासकीय अधिकृत — संयोजक
- कमान सिंह के.सी. — लेखा अधिकृत — सदस्य
- वन्दना शाक्य — प्रशासकीय अधिकृत — सदस्य
- पुनाराम शर्मा — प्रशासकीय अधिकृत — सदस्य
- शरद भण्डारी — रोजगार संयोजक — सदस्य

(८) मल्लरानी गाउँपालिका वडा नं ४ स्थित झिमरुक मल्लरानी लिफ्ट खानेपानीको लाइन विस्तार र मर्मतको लागि गाउँपालिकाबाट स्थानीय पूर्वाधार सहयोग कार्यक्रम तर्फ विनियोजित वजेट तर्फबाट सम्पन्न गर्ने निर्णय गरियो ।

(९) गत आ.व.को भुक्तानी दायित्व सिर्जित योजना सिर्सेगैरा मुनडाँडा चुँजाठाँटी मोटरवाटो स्तरोन्नती कार्यको म.ले.प.फा.नं. २२१ मा रु १५६८५०४।९३ दायित्व सिर्जना भएकोले प्राविधिक मुल्याङ्कन अनुसार ९०.०८ प्रतिशत कार्य प्रगति देखिएकोले कार्यसम्पन्न स्वीकार गरी उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

(१०) मल्लरानी गाउँपालिको प्रशासकीय भवन निर्माणको लागि ठेक्का स्वीकृत भई निर्माण कार्य शुरु भएको र आ.व.०८३/८४ मा सम्पन्न गर्नु पर्ने भएकोले उक्त निर्माण कार्यको नियमित रेखदेखको लागि एकजना



मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ..., प्युठान लुम्बिनी प्रदेश, नेपाल

इन्जिनीयर/सव-इन्जिनीयर तहको कर्मचारी दैनिक ज्यालादारीमा नियुक्ति गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

(१०) मल्लरानी गाउँपालिका वडा नं ३ स्थित सिर्सेगैरा मुनडाँडा सडक निर्माणको क्रममा प्रेम बहादुर सुनारको शौचालय र बड्टाकुराको बस्तिको घरहरु पहिरोको जोखिमा रहेकोले प्राविधिक लागत अनुमानको आधारमा विपद् व्यवस्थापन कोष तर्फबाट पहिरो नियन्त्रण कार्य गर्ने निर्णय गरियो ।

(११) मिति २०८३/०२/१२ गतेको भारी वर्षातको कारणले मल्लरानी गाउँपालिका वडा नं २ को अमर मा.वि.चुँजामा क्षति पुगेकाले प्राविधिक लागत अनुमान वमोजिमको रकम विपद् व्यवस्थापन कोष तर्फबाट विनियोजन गर्ने निर्णय गरियो ।

(१२) विभिन्न मितिमा आएको हावाहुरीको कारणबाट व्यक्ति/संघ संस्थाको घर/भवनको जस्तापाता उडाई क्षति पुगेकोले विपद् व्यवस्थापन कोषबाट जस्तापाता खरीद गरी वितरण गर्ने निर्णय गरियो ।

(१३) वर्षातको समयमा पहिरोको जोखिम रहेको क्षेत्रहरु संरक्षण गर्न ग्याभियन तारजाली र क्षति भएका खानेपानी पाइपहरु विपद् व्यवस्थापन कोषबाट खरीद गरी वितरण गर्ने निर्णय गरियो ।

(१४) विभिन्न मितिमा आएको हावाहुरी र भारी वर्षाको कारणबाट क्षति भएको भनी प्रहरी मुचुल्का प्राप्त भएकोले क्षति भएको व्यक्तिको घर/गोठहरुको लागि निम्न बमोजिमको आर्थिक सहायता विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

- मल्लरानी ३ निवासी सदिक्षा वि.क.को संगम किराना पसलको खोका क्षेती भएकोमा रु १००००।
- मल्लरानी ३ निवासी टेक बहादुर जि.सी.को १ तले कच्ची घर क्षति भएकोमा रु १००००।
- मल्लरानी २ निवासी थोम बहादुर राना रु १००००।

(१५) निम्न बमोजिमका व्यक्ति/संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

- राष्ट्रिय दलित पत्रकार संघ, जिल्ला शाखा, प्यूठानलाई दोस्रो केन्द्रीय अधिवेशनको लागि रु १००००।
- मल्लरानी गाउँपालिका वडा नं ३ बस्ने लक्ष्मी नेपालीको छोरा राम नेपालीको हातको शल्यक्रियाको लागि रु १००००।
- मल्लरानी गाउँपालिका वडा नं ३ बस्ने विना अधिकारीको मुटुरोग उपचारको लागि रु १००००।
- नेपाल मगर संघको तेह्रौं केन्द्रीय अधिवेशनको लागि रु १००००।
- मल्लरानी गाउँपालिका वडा नं २ बस्ने निममाया थापाको स्तन क्यान्सर उपचारको लागि रु १००००।
- जुझारु प्रकाशनद्वारा प्रकाशित विभिन्न पुस्तकहरुको लागि रु १००००।
- हाँक साप्ताहिकका लागि रु १००००।
- पौडेल वंश महासंघ राष्ट्रिय गोष्ठिको लागि रु १००००।

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्यूठान, लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत